# राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम

# रणनीति

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार स्वास्थ्य महाशाखा
२०६७

# राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम

# रणनीति

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार स्वास्थ्य महाशाखा
२०६७

# विषय सुची


१. पृष्ठभुमि ........................................................................१

२. लक्ष्य तथा उद्देश्यहरु ..........................................................३

३. कार्यान्वयन.......................................................................४

४. संरचना.........................................................................१०

५. कार्यक्रमको योजना तथा अनूगमन ..................................१२

६. उत्प्रेरणा..........................................................................१४

७. सुविधाहरु......................................................................१६

८. विविध...........................................................................१७


**अनुसूचीहरु**


अनुसूची : १ महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको संकेत चिन्ह (लोगो) ..........................................................................१८

अनुसूची : २ स्वयंसेविकाको बोर्डको नमूना..................................१९

अनुसूची : ३ महिला स्वास्थ्य स्वयं सेविका उप-समितीको संरचना ........................................................................२०

अनुसूची : ४ स्वयंसेविकाको परिचय पत्रको नमूना.................... २१

अनुसूची : ५ स्वयंसेविकाको साडीको किनाराको नमूना........... २२

अनुसूची : ६ महिला स्वास्थ्य स्वयंसेविकाले पालना गर्नूपर्ने आचार संहिता........................................ २३

अनुसूची : ७ महिला स्वयंसेविका हूनको लागि दिनूपर्ने निवेदन.........................................................................२५

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(..............................................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

प्राप्त पत्र संख्या :-

पत्र संख्या

चलानी नं. :-

रामशाहपथ,

काठमाडौं, नेपाल ।


मिति :- ....................................



विषय :-

# मन्तब्य

नेपाल सरकारका विकाश प्रयासहरुमा जन(स्वास्थ्य सदैव अग्र प्राथमिकतामा रहि आएको छ । अन्तरिम संविधान २०६३ ले स्वास्थ्यलाई जनताको मौलिक अधिकार को रुपमा स्थापित गरि सरकारको नीति योजना तथा कार्यक्रमहरु उक्त अधिकार सुनिश्चित गर्ने तर्फ केन्द्रित रहनु पर्ने मार्गदर्शन गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका नीति तथा कार्यक्रमहरु उक्त संवैधानिक प्रतिवद्धता सुनिश्चित गराउने तर्फ परिलक्षित छन् ।

विगत दशकहरुमा नेपाल सरकार तथा सहयोगी संस्थाहरुको प्रयासले सहश्राब्दी विकाश लक्ष्य अनुरुप मातृ तथा बाल मृत्युदर कम गर्ने तर्फ अपेक्षित प्रगति हासिल भइरहेको छ । तर पनि देशको भौगोलिक विकटता, अशिक्षा, अज्ञानता तथा कतिपय अस्वस्थकर ब्यवहारहरुलाई निर्मूल पार्दै जनतालाई स्वास्थ्य सेवाको पहुंचमा ल्याउन सरकारी प्रयास मात्र पर्याप्त हुन सक्दैन ।

समुदायमा विद्यमान स्वास्थ्य समस्याहरुमा अधिकांश महिला तथा बालबालिकाहरुका समस्याहरु भएको वर्तमान परिप्रेक्षमा स्थानीय महिलाहरुलाई आवश्यक आधारभूत तालिम उपलब्ध गराई उनीहरुको माध्यमबाट समुदायमा प्रतिकारात्मक तथा प्रवर्धनात्मक सेवा उपलब्ध गराउन महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम प्रभावकारी देखिएको छ । यस कार्यक्रम कार्यान्वयनको क्रममा भएका अनुभव तथा विद्यमान नीति तथा कार्यक्रमहरुको माग अनुरुप यो रणनीतिलाई परिमार्जन गरिएको छ । यस परिमार्जित रणनितिले महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आफ्नो स्वयंसेवी कार्यमा अझ कृयाशील तथा उत्तरदायी बनाउने विश्वास लिएको छ । धन्यवाद ।

..............................

डा. सुधा शर्मा

सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
...............................................महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स: ४-२६२२३८

पचली, टेकु,
काठमाडौं, नेपाल ।

पत्र संख्या:–

चलानी नम्बर:–

मिति : ...............................



**विषय :** शुभकामना

नेपालमा महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम सन १९८८ देखि शुरु भएको हो । मध्यमान्चल विकास क्षेत्रका १९ जिल्ला तथा पश्चिमान्चल क्षेत्रका ८ गरी जम्मा २७ जिल्लाबाट शुरु गरि एको यो कार्यक्रम सन् १९९५ देखी देशका ७५ जिल्लामै बिस्तार भएको हो ।

कार्यक्रम कार्यान्वयनको क्रममा भएका अनुभव तथा आवश्यकता समेट्ने क्रममा महिला स्वास्थ्य स्वयंसेविका रणनीति परिमार्जन गरिदै आएको छ । पहिलो पटक सन् १९९० मा, दोश्रो पटक सन् १९९२ मा तथा तेश्रो संसोधन २००३ मा भएको यस रणनीतिमा यो चौथो संसोधन २००९ मा गरिएको छ । यो संसोधनबाट आमा समूहको भुमिका बढि प्रभावकारी हुने, स्वयंसेविकाहरुलाई सम्बन्धित आमा समूह तथा स्थानिय निकाय प्रति उत्तर दायी बनाउने तथा कार्यक्रमले निर्धारण गरेका क्षेत्रमा सामान्य उपचारात्मक सेवा प्रदान गर्ने जिम्मेवारी वहन गर्नेछन् ।

महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम वर्तमान अवस्थामा नेपालको स्वास्थ्य सेवाको अभिन्न अंगका रुपमा स्थापित भइसकेको छ। यस रणनीतिको कार्यान्वयन मार्फत आगामी दिनहरुमा यो कार्यक्रमको क्षेत्र थप विस्तार हुने तथा अझ बढि प्रभावकारी हुने छ भन्ने कुरामा स्वास्थ्य सेवा विभाग बिश्वस्त छ ।

अन्तमा कार्यक्रमसंग संबन्धित सबै सरोकारवालाहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

डा. यशोबर्द्धन प्रधान
महानिर्देशक
स्वास्थ्य सेवा विभाग

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
.................................महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स: ४-२६२२३८

पचली, टेकु
काठमाडौं, नेपाल ।

पत्र संख्याः–

चलानी नम्बरः–

मिति : ............................



**विषय :** शुभकामना

केन्द्र देखि ग्रामिण तह सम्म स्थापना भएका स्वास्थ्य संस्थाहरु मार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नेपाली जनताको स्वास्थ्य स्तर उकास्ने कार्यमा कृयाशिल छ । सर कारको यो प्रयासमा समुदायस्तरमा रहेर महिला स्वास्थ्य स्वयंसेविकाहरुले सकृय सहयोग पुऱ्याईरहेका छन् ।

वार्डस्तरमा रहेर महिला स्वास्थ्य स्वयंसेविकाहरुले आमा र बालबालिकाको स्वास्थ्य सम्बन्धि प्रतिकारात्मक, प्रबर्द्धनात्मक तथा कार्यक्रमले निर्दिष्ट गरे अनुसारको उपचारात्मक सेवा पुऱ्याउदै आएका छन् । स्वास्थ्य सेवाको विस्तारसंगै महिला स्वयंसेविकाको भूमिका पनि फराकिलो हुँदै गइ रहेको छ । सरकारका तर्फबाट स्वयंसेविकाहरुको सेवाको गुणस्तरीयता कायम गर्न आधारभूत तथा पुर्नताजगी तालिमहरुका साथै अन्य सुविधाहरु जस्तै निशुल्क स्वास्थ्य सेवा, महिला स्वयंसेविका कोष पनि उपलब्ध गराईदै आएको छ ।

परिमार्जित रणनीतिले महिला स्वास्थ्य स्वयंसेविकाहरुको सेवालाई समय अनुकूल बनाउने प्रयास गरेको छ । यो रणनीति परिमार्जन गर्दा कार्यक्रमसंग सम्बन्धित अन्य मन्त्रालय तथा सहयोगी संस्थाका विज्ञहरु, स्थानिय निकायका प्रतिनिधीहरु, विभिन्न तहका स्वास्थ्यकर्मीहरु र खासगरी महिला स्वास्थ्य स्वयंसेविकाहरुबाट प्राप्त सुझावहरु तथा अन्तरिम स्वास्थ्य नीतिको भावना समेटेर तयार गरिएको छ ।

यो रणनीति परिमार्जन गर्ने क्रममा आर्थिक सहयोग उपलब्ध गराउने USAID/NFHP-II तथा प्राविधिक सहयोगको लागि Technical Working Group का सदस्यहरु तथा परिवार स्वास्थ्य महाशाखाका पूर्व निर्देशक, डा. बालकृष्ण सुवेदी तथा परिवार नियोजन कार्यक्रमको पूर्व शाखा प्रमुख श्री भोगेन्द्र राज डोटेलका साथै हाल कार्यरत शाखा प्रमुख श्री सागर दाहाल, महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमका फोकल पर्सन श्री मंगला मानन्धर लगायत कर्मचारी साथीहरु सबैलाई र विभिन्न क्षेत्रबाट सुझावहरु संकलन गरि रणनीति परिमार्जन गर्नु हुने परामर्शदाता श्री राम भण्डारीलाई पनि धन्यबाद दिन चाहन्छु ।

.......................................

डा. नरेस प्रताप के.सी.
निर्देशक
परिवार स्वास्थ्य महाशाखा

# १. पृष्ठभूमि

नेपालको राष्ट्रिय स्वास्थ्य नीति २०४८ ले नेपालीको स्वास्थ्य स्तर उकास्ने मुल उद्देश्य हासिल गर्न समूदाय स्तरदेखि केन्द्रीय स्तर सम्म स्वास्थ्य संरचनाको विकास गरेको छ । अधिकांश नेपालीहरु ग्रामीण क्षेत्रमा बसोवास गर्ने भएकाले बहूसंख्यक जनताको पहुंच स्वास्थ्य सेवामा पूऱ्याउन स्वास्थ्य संरचना पनि ग्रामिणमुखि बनाइएको छ ।

स्वास्थ्य क्षेत्रको हालका समग्र प्रयास सहश्राब्दी विकास लक्ष्य हासिल गर्न तर्फ उन्मुख छन् । राष्ट्रिय स्वास्थ्य क्षेत्र सुधार कार्यान्वयन योजनाले संगठित र सुव्यवस्थित स्वास्थ्य क्षेत्रबाट उपलब्ध गराइने अत्यावश्यक स्वास्थ्य सेवामा उपयोगिता बृद्धि गरी नेपाली जनताको स्वास्थ्य स्तरमा सुधार ल्याउने प्रतिवद्धता दोहोऱ्याएको छ ।

राष्ट्रिय स्वास्थ्य नीति २०४८ ले वडा स्तरमा महिला स्वास्थ्य स्वयंसेविका, सुडेनी तथा सामाजिक संघ संस्थाका स्थानीय कार्यकर्ताहरुको समेत स्वास्थ्य कार्यक्रममा सहभागिता गराइने अख्तियार गरेको छ । साथै तीन वर्षे अन्तरिम योजना (२०६४/६५/२०६६/६७) ले हालको महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई अझ सुदृढ गर्न प्रत्येक गाउँ विकास समिति (गा.वि.स.) मा कोष स्थापना गर्ने, रणनीति परिमार्जन गर्ने तथा ६० वर्ष उमेर पुगेका स्वयंसेविकाहरुलाई सम्मानपूर्वक विदाइ गर्नु पर्ने कुरा औंल्याएको छ । ग्रामीण क्षेत्रका आमा तथा बच्चाको स्वास्थ्य स्तरमा सुधार ल्याउन आवश्यक प्रतिकारात्मक र प्रवर्द्धनात्मक सेवा पुऱ्याउने उद्देश्यले शुरु गरिएको भएता पनि कतिपय जिल्लाहरुमा

महिला स्वास्थ्य स्वयंसेविकाहरुको माध्यमबाट श्वास-प्रश्वास रोगको उपचार, नवशिशु स्याहार जस्ता उपचारात्मक प्रवृतिका सेवा पनि पु-याइदै आएका छन् । उपलब्ध स्वास्थ्य सेवाको उपयोग दरमा उल्लेख्य रुपमा वृद्धि हुन नसकेको तथा ग्रामीण क्षेत्रमा रोग दर तथा मृत्यूदर पनि तुलनात्मक रुपमा कम हुन नसकेको सन्दर्भमा स्वयंसेविकाको भुमिकालाई नयां सम्भावनाको रुपमा विकशित र कृयाशिल गराउन उपयोगी हुने देखिन्छ । स्थानीय स्वायत्त शासन ऐन अनुरुप स्वास्थ्य संस्थाहरुको व्यवस्थापन क्रमश स्थानीय निकायलाई हस्तान्तरण गर्दै जाने राष्ट्रिय नीति, स्वास्थ्य संस्थाहरुको व्यवस्थापनमा महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका तथा स्वास्थ्य संस्थाहरुबाट संचालित कार्यक्रमहरुमा समुदाय परिचालनको पक्षमा महिला स्वयंसेविकाको कृयाशीलतालाई ध्यानमा राख्दा महिला स्वास्थ्य स्वयंसेविकालाई समुदाय प्रति उत्तरदायी रहने स्वास्थ्य सम्वन्धि संचारकको रुपमा विकास गर्न सकिने संभावना छ ।

महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम सन् १९८८/१९८९ देखि शुरु भएको हो । महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनिती पहिलो पटक सन् १९९० सेप्टेम्बरमा, दोस्रो पटक सन् १९९२ मा र तेश्रो पटक सन् २००३ मा संशोधन गरिएको थियो ।

जनताको स्वास्थ्य स्थितिमा देखिएको क्रमिक सुधार, खासगरी मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीमा महिला स्वास्थ्य स्वयंसेविकाहरुको सक्रिय भूमिकालाई नेपाल सरकारले उच्च मूल्यांकन गर्दै उहाँहरुलाई कृयाशिल रहन उत्प्रेरित गर्ने उद्धेश्यले केहि नयां कार्यक्रमहरु पनि शुरु गरेको छ । यसै परिप्रेक्षमा महिला स्वास्थ्य स्वयंसेविका रणनीतिलाई आवश्यक परिमार्जन गरि स्वास्थ्य

तथा जनसंख्या मन्त्रालयले यो रणनीति लागू गरेको छ । यो रणनीति आ.ब. २०६७/६८ देखि लागू हुने छ ।

यस निर्देशिकामा महिला स्वास्थ्य स्वयं सेविका (म.स्वा.स्व.से.) भन्नाले स्थानियस्तरमा स्वास्थ्य आमा समूहद्वारा छनौट गरिएका, निश्चित अवधि सम्म स्वयंसेवा गर्न तत्पर भएका तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रम अनुसार आधारभूत तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुऱ्याउने स्वयंसेवी महिलालाई जनाउँछ ।

यस रणनीतिमा महिला स्वास्थ्य स्वयंसेविकालाई छोटकरीमा स्वयंसेविका भनिने छ र यो रणनीति गाउँविकास समिति (गा.वि.स.) स्तरमा मात्र लागू हुनेछ ।

# २. लक्ष्य तथा उद्देश्यहरु

## २.१ लक्ष्य

महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको लक्ष्य समुदायिक सहभागिताको माध्यमद्वारा जनस्वास्थ्य कार्यक्रमहरुमा टेवा पुऱ्याई स्वास्थ्य सम्वन्धी राष्ट्रिय लक्ष हासिल गर्ने कार्यमा सहयोग पुऱ्याउनु रहेको छ । स्वास्थ्यको विकासमा समूदायको सहभागिता अभिवृद्धि गर्नका लागि स्वास्थ्य सम्वन्धी आवश्यक ज्ञान र सीप प्रदान गरी महिलाहरुलाई सशक्तीकरण गर्ने, समुदायमा स्वास्थ्य सम्बन्धी सचेतना वृद्धि गर्ने र स्वास्थ्य सेवा प्रबर्द्धनमा स्थानिय निकायको सहभागिता गराउने उद्देश्य रहेको छ ।

## २.२ उद्देश्यहरु

२.२.१ स्वास्थ्य सम्वन्धी अत्यावश्यक ज्ञान र सीप प्रदान गरेर स्थानिय स्तरमा स्वास्थ्य समस्या समाधान गर्न महिलाहरुलाई सक्रिय बनाउने ।

२.२.२ स्वास्थ्य कार्यक्रमहरुलाई समुदायसम्म पुऱ्याउन सम्पर्क व्यक्तिको रुपमा कार्य गर्न इच्छुक स्वयंसेवीहरु तयार गर्ने ।

२.२.३ समुदायमा आधारित स्वास्थ्य कार्यक्रम अन्तरगत स्वास्थ्य सेवाहरु प्रदान गर्न स्वयंसेवीहरु तयार गर्ने ।

२.२.४ सामुदायिक स्वास्थ्यको विकासमा समुदायको सहभागिता अभिवृद्धि गर्ने ।

२.२.५ स्थानिय स्तरमा स्वास्थ्य संचारिकाको रुपमा विकास गर्ने ।

२.२.६ उपलब्ध स्वास्थ्य सेवामा माग वृद्धि गरी स्वास्थ्य सेवाको उपयोगमा वृद्धि गर्ने ।

# ३. कार्यान्वयन

### ३.१) स्वास्थ्य आमा समुह

३.१.१ समुदायको सहभागितामा स्थानीय स्वास्थ्य संस्था र स्थानीय निकायले हरेक वार्डमा सम्वन्धित वडामा बसोवास गर्ने प्रजनन् उमेरका इच्छुक सबै महिलाहरु समावेश गरी स्वास्थ्य आमा समुहको गठन गर्ने छन् ।

३.१.२ स्वास्थ्य आमा समुहमा हिमाली जिल्लामा कम्तीमा ११ जना, पहाडी जिल्लामा कम्तीमा १५ जना र तराई

जिल्लामा कम्तीमा २१ जना सदस्य हुने छन् । दलित, उत्पीडित र पिछडिएको समुदायका इच्छुक महिलाहरुलाई स्वास्थ्य आमा समूहमा सहभागी हुन उत्प्रेरित गरिने छ ।

३.१.३ एउटा स्वयंसेविकाको एउटा स्वास्थ्य आमा समुह हुनेछ ।

## ३.२) स्वास्थ्य आमा समूहको भूमिका

क) आपसी सहमतिमा महिला स्वास्थ्य स्वयं सेविका छनौट गर्ने ।

ख) स्वयं सेविकाको भूमिका निर्वाह गर्न अनिच्छुक भई राजिनामा गरेमा, कुनै पनि वैतनिक पदमा बहाली भएमा, शारीरिक असक्तताका कारण असमर्थ भएमा, अन्यत्र बसाई सरी गएमा वा उमेरको हद वा अन्य व्यक्तिगत कारणले निस्कृय भएको अवस्थामा निजको स्थानमा सम्वन्धित स्वास्थ्य आमा समूहले नयाँमहिला स्वास्थ्य स्वयं सेविका छनौट गर्नेछ ।

ग) स्वास्थ्य आमा समूहको बैठक सामान्यतया मासिक रुपमा नियमित बस्ने छ । यो बैठक बस्ने मिति स्वास्थ्य आमा समूहको छलफलबाट तय गर्नुपर्नेछ । साधारणतया गाउँघर क्लिनिक संचालन भएको दिनमा गर्नु उपयूक्त हुन्छ ।

घ) स्वयं सेविकाहरुले आधारभूत तथा पुनर्ताजगी तालिमहरु तथा समीक्षा गोष्ठीहरुमा सिकेका स्वास्थ्य सम्वन्धी जानकारीहरु स्वास्थ्य आमा समूहको बैठकमा राखी छलफल गर्नु पर्दछ । स्वास्थ्य आमा समूहका सदस्यहरुले स्वास्थ्य सम्वन्धी तथा अन्य प्राप्त जानकारी समुदायका महिला तथा पुरुषहरु सम्म पुऱ्याउनु पर्दछ ।

ङ) स्वास्थ्य आमा समूहको मासिक बैठक बोलाउने तथा बैठकका छलफलका विषय बस्तु निर्धारण गर्ने काम महिला स्वास्थ्य स्वयं सेविकाको हुनेछ ।

च) स्वास्थ्य आमा समूहको बैठकमा आवश्यकता अनुसार स्थानिय निकायमा निर्वाचित महिला प्रतिनिधि, शिक्षिका तथा गैरसरकारी संस्थामा कार्यरत श्रोत व्यक्तिलाई आमन्त्रण गरी उनीहरुबाट प्राप्त ज्ञान र सिपबारे अन्य आमाहरुसम्म पुऱ्याउने प्रयास गर्नुपर्छ ।

छ) स्वास्थ्य आमा समूहको बैठकले वर्षमा एक पटक महिला स्वास्थ्य स्वयं सेविकाको कामको समीक्षा गरी स्थानीय स्वास्थ्य संस्थालाई जानकारी गराउने छ ।

ज) स्वास्थ्य आमा समूहका कृयाशिल महिलाहरुलाई महिला स्वास्थ्य स्वयं सेविका कोषबाट ऋण सापटी लिने सुविधा उपलब्ध गराइने छ । यसको शर्त तथा आधार महिला स्वास्थ्य स्वयंसेविका कोष संचालन निर्देशिकाले तोके बमोजिम हुनेछ ।

## ३.३) महिला स्वास्थ्य स्वयंसेविकाको छनौट

स्वास्थ्य आमा समूहको बैठकले आपसी सहमतिको आधारमा निम्न आधार भित्र रही आफूमध्येबाट महिला स्वास्थ्य स्वयंसेविका छनौट गरी सोको जानकारी स्थानीय स्वास्थ्य संस्था तथा स्थानीय निकायमा दिने छन् ।

**स्वयं सेविका छनौटका आधारहरु:**

१) स्थानीय वडामा स्थायी बसोवास भएको ।

२) कम्तिमा १० वर्षसम्म स्वयंसेविका भई काम गर्न इच्छुक ।

३) २५ वर्षँ -४५ वर्ष उमेरको ।

४) विवाहित/एकल महिला (विवाहिताको हकमा बढीमा ३ वटा सम्म बच्चा भएकी आमालाई प्राथमिकता दिने) ।

५) सामाजिक सेवाको भावना भएको ।

६) लेखपढ गर्न सक्नेलाई प्राथमिकता दिने ।

७) दलित, जनजाती, पिछडिएको वर्गका महिलालाई प्राथमिकता दिने ।

८) स्वास्थ्य स्वयं सेविका हुन ईच्छुक योग्यता पूगेका महिलाले लिखित निवेदन अनुसूची ७ अनुसार सम्बन्धित स्वास्थ्य आमा समूहमा पेश गर्नुपर्ने छ ।

तर, कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारीले महिला स्वास्थ्य स्वयं सेविकाको रुपमा कार्य गर्न पाईने छैन ।

## ३.४ महिला स्वास्थ्य स्वयंसेविकाको संख्या:

सामान्यतया गाउँ विकास समिति (गा.वि.स.) को प्रत्येक वडामा कम्तीमा एक जना स्वयंसेविका रहने छिन् । हाल निर्धारित कूल महिला स्वास्थ्य स्वयंसेविकाको संख्या ४८९४६ यथावत रहने छ ।

## ३.५) महिला स्वास्थ्य स्वयंसेविकाको तालिम तथा क्षमता अभिवृद्धि

क) महिला स्वास्थ्य स्वयं सेविकाको स्थान कुनै कारणले रिक्त भएमा नयाँ छनौट भएका स्वयं सेविकालाई

निर्धारित पाठ्यक्रम अनुसार आधारभूत तालिमको व्यवस्था गरिनेछ ।

ख) नयां कार्यक्रमहरुमा आवश्यकता अनुसार सम्वन्धित कार्यक्रमको तालिम, पुनर्ताजगी तालिम वा अनुशिक्षण गोष्ठीहरु संचालन गरी स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि गरिने छ ।

## ३.६) महिला स्वास्थ्य स्वयं सेविकाको भूमिका

क) महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका मूलत: आफ्नो वडामा बसोबास गर्ने आमा तथा बालबालिकाको स्वास्थ्य प्रवर्द्धन गर्ने कार्यहरुमा केन्द्रित रहने छ । स्वयंसेविकाहरुले स्वास्थ्य आमा समूहको माध्यमद्वारा समुदायमा स्वास्थ्य सम्वन्धी सचेतना अभिवृद्धी गर्ने तथा स्थानीय स्तरमा उपलब्ध स्वास्थ्य सेवाको उपयोग बढाउने सहयोगी कृयाकलाप गर्ने छन् ।

ख) स्वयंसेविकाहरुले परिवार नियोजन, सुरक्षित मातृत्व, नवशिशू स्याहार, खोप कार्यक्रम, पोषण कार्यक्रम, सरुवा तथा महामारी रोगहरु, श्वास प्रश्वास तथा झाडापखाला रोकथाम तथा नियन्त्रण, वातावरणीय सरसफाई, स्वास्थ्य शिक्षा तथा अन्य राष्ट्रिय कार्यक्रमहरुमा सहयोगीको भूमिका निर्वाह गर्नेछन् ।

ग) नेपाल सरकारले निर्देशित गरेका समुदायमा आधारित स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वयं सेविकाहरुले निर्धारित औषधी वितरण तथा रोगको व्यवस्थापन पनि गर्न सक्ने छन् ।

घ) अन्य क्षेत्रमा स्वयं सेविकाले निर्वाह गर्नूपर्ने भुमिकाको दायरा संवन्धित कार्यक्रम निर्देशिकाहरुद्वारा परिभाषित गरिनेछ । तर यसको लागि केन्द्रमा रहेको

म.स्वा.स्व.से. समन्वय उप-समितीको सहमती अनिवार्य रहने छ ।

ङ) स्वयं सेविकाहरुले आफुले वर्षभरि गरेको कार्यको विवरण आफ्नो स्वास्थ्य आमा समूह तथा स्थानीय स्वास्थ्य संस्थालाई जानकारी गराउनू पर्छ ।

च) स्वयं सेविकाहरुले आफुले गरेको कृयाकलापहरुको प्रतिवेदन मासिक रूपमा तोकिएको स्वास्थ्यकर्मी वा सूपरिवेक्षकलाई बूझाउनू पर्छ ।

छ) प्रत्येक पाँच वर्षमा स्वास्थ्य आमा समूहले स्वयंसेविकालाई अर्को समयावधिको लागि पून: छान्न सक्नेछ ।

ज) महिला स्वास्थ्य स्वयंसेविकाले पालन गर्नूपर्ने आचार संहिता अनूसुची - ६ अनूसारको हुनेछ ।

## ३.७) कार्य अवधि:

- प्रत्येक पाँच वर्षमा स्वास्थ्य आमा समूहले सिफारिश गरेमा महिला स्वास्थ्य स्वयं सेविकाले **६० वर्षको उमेर सम्म** आफ्नो सेवा प्रदान गर्न सक्नेछन् ।

## ३.८) स्वास्थ्यकर्मीको भूमिका

- सम्वन्धित गाउं विकास समितिमा कार्यरत ग्रामिण स्वास्थ्य कार्यकर्ता, मातृशिशु कार्यकर्ता, अक्जूलरी नर्स मीडवाईफ
(अ.न.मी.) या असिस्टेन्ट हेल्थ वर्कर (अ.हे.व.) तथा स्वास्थ्य संस्था प्रमुखले स्वयंसेविका तथा स्वास्थ्य आमा समुहलाई आवश्यक सहयोग गर्ने, आपूर्ति व्यवस्था गर्ने,

प्रतिवेदन संकलन गर्नुका साथै बैठकमा आवश्यक प्राविधिक सहयोग पनि प्रदान गर्नेछन् ।

### ३.९) विदाइः

३.९.१ स्वास्थ्य आमा समुहको सिफारीसमा ६० वर्ष उमेर पुगेका स्वयं सेविकाहरुलाई ससम्मान विदाई गरिने छ ।

३.९.२ स्वयं सेविका भई सन्तोषजनक ढंगबाट आफ्नो वडामा सेवा गरेका महिला स्वास्थ्य स्वयं सेविकाहरु सेवाबाट अलग हुंदा कदरपत्र तथा तोकिए बमोजिमको एकमुष्ठ आर्थिक सहयोग प्रदान गर्न सकिनेछ ।

३.९.३ स्वयं सेविकाको भुमिकाबाट अलग भएपछि पनि उनीहरुलाई स्वास्थ्य आमा समूहको सम्मानीत सदस्यको रुपमा कृयाशील रहन उत्प्रेरित गरिने छ ।

३.९.४ सेवा अवधि पूरा गरी विदाइ भएका स्वयं सेविकाहरुलाई उनीहरुले कार्यरत रहदा पाएको निशुल्क स्वास्थ्य सेवाको सुविधालाई निरन्तरता दिने प्रयास गरिने छ ।

## ४. संरचना

क) केन्द्रीय स्तरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार स्वास्थ्य महाशाखाले महिला स्वास्थ्य स्वयंसेविका सम्वन्धी आवश्यक कार्य संयोजन गर्ने निकायको रुपमा कार्य गर्नेछ ।

ख) क्षेत्रीय स्वास्थ्य निर्देशनालयले क्षेत्रीय स्तरमा कार्यक्रम समन्वय गर्ने, अनुगमन गर्ने तथा जिल्लाहरुलाई आवश्यक निर्देशन दिने छन् ।

ग) जिल्ला (जन) स्वास्थ्य कार्यालयहरुले केन्द्रीय तहबाट निर्धारण गरिएका नीति तथा कार्यक्रम लागू गर्ने, अनुगमन गर्ने, प्रतिवेदन गर्ने तथा जिल्ला भित्र संचालित स्वास्थ्य कार्यक्रमहरुमा स्वयंसेविकाहरुको गुणात्मक सहभागिता प्रवर्धन गर्ने कार्य गर्नेछन् ।

घ) जिल्ला (जन) स्वास्थ्य कार्यालयका परिवार नियोजन सुपरीवेक्षक वा पब्लिक हेल्थ नर्स (प.हे.न.) वा सो नभएमा जिल्ला (जन) स्वास्थ्य कार्यालयले परिवार स्वास्थ्य महाशाखाको सहमतिमा तोकेको कर्मचारी महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमको जिल्लास्तरमा सम्पर्क व्यक्ति हुनेछ ।

ङ) गाउँ विकास समिति स्तरमा संचालित स्वास्थ्यका कार्यक्रमहरुमा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गर्ने तथा उनीहरुको कामको अनुगमन गर्ने जिम्मेवारी स्थानीय स्वास्थ्य संस्था प्रमुखको हुने छ । स्वास्थ्य संस्थाका ग्रामिण स्वास्थ्य कार्यकर्ता (ग्रा.स्वा.का.)/मातृ शिशु कार्यकर्ता (मा.शि.का.) ले स्वयंसेविकाको सम्पर्क व्यक्तिको रुपमा काम गर्ने छन् । ग्रामिण स्वास्थ्य कार्यकर्ता/मातृ शिशु कार्यकर्ता नभएको अवस्थामा अक्जुलरी हेल्थ वर्कर (अ.हे.ब.) या अक्जुलरी नर्स मिडवाइफ (अ.न.मी.) ले यो जिम्मेवारी बहन गर्ने छन् ।

च) स्वास्थ्य संस्थाका ग्रामिण स्वास्थ्य कार्यकर्ता/मातृ शिशु स्वास्थ्य कार्यकर्ता या निजको उत्तरदायित्व निर्वाह गर्ने स्वास्थ्यकर्मीले प्रत्येक वार्डमा स्वास्थ्य आमा समूहको गठन गर्न सहयोग गर्ने तथा स्वास्थ्य आमा समूहलाई क्रियाशिल तुल्याउनका साथै अभिमूखीकरण र अन्य आवश्यक सहयोग गर्ने काम गर्ने छन् ।

छ) स्वयं सेविका सम्वन्धी नीति निर्माण, कार्य योजना तर्जुमा तथा कार्यान्वयनको क्रममा केन्द्र देखी स्थानिय स्तरसम्म अन्य सम्वन्धित मन्त्रालय र अन्तर्गतका निकायहरुसंग समन्वय गरिने छ ।

# ५. कार्यक्रमको योजना तथा अनूगमन:

## ५.१ महिला स्वास्थ्य स्वयं सेविका उप-समिति

क) केन्द्रीय स्तरमा राष्ट्रिय प्रजनन स्वास्थ्य समन्वय समितिको एक अंगका रुपमा "महिला स्वास्थ्य स्वयं सेविका उप-समिति" रहने छ । (अनुसूची - ३)

ख) यस उप-समितिमा नेपाल सरकारका विभिन्न निकाय, साझेदार संस्थाहरु, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरुको प्रतिनिधित्व रहने छ । आवश्यकता अनुसार स्वास्थ्य सेवा विभाग अन्तर्गतका महाशाखा प्रमुखहरु, शाखा प्रमुखहरु तथा अन्य सरोकारवालाहरुलाई बैठकमा आमन्त्रित गर्न सकिने छ ।

ग) यो उप-समितिले महिला स्वास्थ्य स्वयं सेविका सम्बन्धी नीति तथा रणनीति तर्जुमा गर्ने, कार्यक्रमको समीक्षा गर्ने तथा कार्यक्रम कार्यन्वयन गर्न परिवार स्वास्थ्य महाशाखालाई सहयोग गर्ने र सरोकारवालाहरुको विचमा समन्वय गर्ने कार्य गर्नेछ ।

घ) साधारणतया यो उपसमितिको बैठक चौमासिक रुपमा बस्ने छ तर आवश्यक परेमा एजेन्डा सहित बैठक बोलाउन सकिने छ ।

ङ) परिवार स्वास्थ्य महाशाखा अन्तर्गत महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमका तोकिएका पदाधिकारीले यस उप-समितिको सदस्य सचिवको कार्य गर्नेछन् ।

## ५.२ महिला स्वास्थ्य स्वयं सेविकाको समीक्षा वैठक

क) महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम सम्वन्धी कृयाकलापहरुको समीक्षा गर्न तथा भावी योजना तर्जुमा गर्न प्रत्येक गाउँ विकास समिति स्तरीय स्वास्थ्य संस्थामा ६-६ महिना (संभव भएसम्म मंसिर र जेष्ठमा) मा प्रत्येक चोटी २ दिनको अर्धवार्षिक योजना तथा समीक्षा वैठक सञ्चालन गरिनेछ ।

ख) समीक्षा वैठकमा सम्बन्धित गा.वि.स.का सम्पूर्ण स्वयं सेविकाहरु र ग्रामीण स्वास्थ्य कार्यकर्ता तथा मातृशिशु कार्यकर्ता वा अ.न.मि./अ.हे.व. ले भाग लिनेछन । सम्वन्धित स्वास्थ्य संस्था प्रमुखले समीक्षा वैठक सञ्चालन गर्नुपर्ने छ ।

ग) समीक्षा वैठकमा समसामयिक स्वास्थ्य कार्यक्रमहरुको विषयमा छलफल गर्ने, स्वयं सेविकाबाट सम्पादित

कार्यको समीक्षा गर्ने, योजना गर्ने, स्वास्थ्य समस्याको पहिचान र समाधान गर्ने, वार्ड रजिष्टरको पुनरावलोकन गर्ने, स्वास्थ्य सम्बन्धी तथ्यांक संकलन गरी (जस्तै: मातृमृत्यू, नवशिशु मृत्यु, प.नि. सेवा पाइरहेका दम्पती संख्या) उनीहरुलाई सहयोगात्मक पृष्ठपोषण दिनुका साथै अत्यावश्यकीय सरसामानको आपूर्ति गरिने छ ।

घ) समिक्षा बैठकमा महिला स्वास्थ्य स्वयंसेविका कोषको अभिबृद्धि तथा परिचालन बारे पनि छलफल गर्नु पर्नेछ ।

ङ) समिक्षा बैठकमा स्वास्थ्य संस्था प्रमुखले सम्वन्धित गा.वि.स.का प्रमुख वा निजका प्रतिनिधि, गा.वि.स. सदस्य तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिका सदस्यलाई आमन्त्रित गर्न सक्नेछन् ।

च) त्यसै गरेर जिल्लास्तरीय स्वास्थ्य स्वयंसेविका कार्यक्रमको समीक्षा तथा योजना तर्जुमा गोष्ठीमा जिल्ला विकास समितिका सदस्य तथा अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

## ६. उत्प्रेरणा:

समुदायमा आधारित स्वास्थ्य कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई उत्प्रेरीत गरी सक्रीय राख्ने उद्धेश्यले निम्न कार्यहरु गरिने छन्:

६.१) महिला स्वास्थ्य स्वयंसेविका कोष:

गा.वि.स/जिल्ला स्तरमा स्थापित महिला स्वास्थ्य स्वयंसेविका कोषलाई कृयाशील बनाइने छ । महिला स्वास्थ्य स्वयंसेविका कोष संचालन निर्देशिकाले व्यवस्था गरे अनुसार कोषको प्रभावकारी संचालनका लागि जिल्लास्तर तथा समुदायस्तरमा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने तथा कोष परिचालनको अनुगमन कार्यलाई नियमित गरिने छ ।

६.२) हरेक वर्ष मनाइदै आएको महिला स्वास्थ्य स्वयंसेविका दिवस लाई निरन्तरता दिइने छ । आ.ब. ०६७/६८ देखि अन्तर्राष्ट्रिय स्वयं सेवक दिवस (International Volunteer's Day) कै दिन राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविका दिवस मनाइने छ ।

६.३) प्रशंसनीय रुपमा कार्य गर्ने स्वयंसेविकालाई स्थानिय निकायसंग समन्वय गरि प्रोत्साहन स्वरुप प्रशंसापत्र प्रदान गर्ने, सार्वजनिक समारोहमा अभिनन्दन गर्ने तथा अवलोकन भ्रमणको अवसर प्रदान गर्ने प्रयास गरिने छ ।

६.४) स्वयंसेविकाको परिचयको लागि अनुसूची १ अनुसारको चिन्ह बनाइएको छ । यो चिन्ह महिला स्वास्थ्य स्वयंसेविकासंग सम्वन्धित कागजातहरुमा प्रयोग गरिने छ ।

६.५) स्वयंसेविका कार्यरत स्थानको पहिचानको लागि बोर्डको नमुना अनुसूची २ मा दिइएको छ ।

६.६) स्वयंसेविकाको परिचयपत्रको नमुना अनुसूची ४ मा दिइएको छ । यो स्वयंसेविका परिचय पत्र महिला

स्वास्थ्य स्वयंसेविकाहरुलाई जिल्ला (जन) स्वास्थ्य कार्यालयले क्रम संख्या तोके अनुसार प्रदान गर्ने छ ।

६.७) महिला स्वास्थ्य स्वयंसेविका पहिचानको लागि साडीको बोर्डरको नमुना अनुसूची ५ मा दिइएको छ ।

## ७. सूविधाहरु

स्वास्थ्य कार्यक्रमहरुमा स्वयंसेविकाहरुको सहभागिता वृद्धि गर्न निम्न सुविधाहरुको व्यवस्था गरिने छ ।

क) तालिम तथा समिक्षा बैठकहरुमा भाग लिदा समय-समयमा तोके बमोजिमको यातायात खर्च ।

ख) सरकारको तर्फबाट परिचय पत्र, स्वयंसेविका बोर्ड, झोला, तोकिए अनुसारको औषधि र सामग्री सहितको सानो बाकस तथा कार्यक्रम अनुसारको आवश्यक सहयोग ।

ग) निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम अन्तरगत तोकिएका सेवाहरु ।

घ) स्थानिय निकायसंग समन्वय गरी आवधिक रुपमा पोशाकको व्यवस्था (साडीको किनाराको नमुना अनुसूची-५ मा राखिएको छ ।)

ङ) स्थानीय स्तरमा स्वयंसेविकाहरुलाई उपलब्ध गराउन सकिने सहयोगको लागी जिल्लास्तरमा जिल्ला (जन) स्वास्थ्य कार्यालयले तथा ग्रामीणस्तरमा स्वास्थ्य संस्था प्रमुख तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिहरुले

स्थानीय निकाय तथा सहयोगी संस्थाहरुसंग आवश्यक समन्वय गरी सहयोग पुऱ्याउने छन् ।

च) स्थानिय स्तरमा स्वयंसेविकाहरुलाई दिइने सुविधाहरु जिल्ला (जन) स्वास्थ्य कार्यालयको समन्वयमा उपलब्ध गराउने व्यवस्था गराइने छ ।

छ) यस बाहेक उपलब्ध अन्य श्रोत महिला स्वयंसेविका कोषमा जम्मा गरिने छ ।

ज) यसरी स्थानीय पहलमा उपलब्ध गराइएको सहयोग तथा श्रोतको जानकारी जिल्ला (जन) स्वास्थ्य कार्यालयले क्षेत्रीय स्वास्थ्य निर्देशनालय तथा परिवार स्वास्थ्य महाशाखालाई जानकारी गराउने छ ।

# ८. विविध

८.१ यो रणनीति परिमार्जन गर्न या कुनै बुंदा स्पष्ट पार्ने कार्य स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार स्वास्थ्य महाशाखाको हुनेछ ।

८.२ यस रणनीतिलाई कार्यान्वयन गर्न आवश्यक परेमा स्वास्थ्य सेवा विभाग, परिवार स्वास्थ्य महाशाखाले कार्यविधि निर्देशिका तयार गर्न सक्नेछ ।

८.३ महिला स्वास्थ्य स्वयंसेविकाले पाउने सुविधा सम्बन्धमा बार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भए अनुसार हुनेछ ।

## अनुसूची - १ महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको संकेत चिन्ह (लोगो)

महिला स्वास्थ्य स्वयंसेविकाको लोगोको नमूना निम्नानुसार हुने छ ।

अर्थ: जसरी पोखरीमा एक सानो ढुंगा फ्याँक्दा तरङ्ग बन्दछ । त्यो तरङ्ग बढ्दै बढ्दै पोखरी नै ढाकिन्छ । महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम वडाबाट शुरु हुन्छ । प्रत्येक वडाको संलग्नताले गाउं विकास समिती नै ढाक्दछ । यसैगरी सबै गाउं विकास समितीको संलग्नताबाट मिली जिल्लाव्यापी बन्दछ । जिल्ला जिल्लाको विकासले राष्ट्रलाई नै विकसित तुल्याउदछ ।

- भित्र पट्टिको पहिलो सानो घेराले स्वास्थ्य कार्यक्रम समूदाय वा वडास्तरबाट शुरु हुन्छ भन्ने जनाउंछ, जून स्वास्थ्य सेवाको केन्द्रविन्दू हो ।
- दोस्रो घेराले गाउं विकास समिति भरि नै स्वास्थ्य कार्यक्रम संचालन छ भन्ने बुझाउँछ ।
- तेस्रो घेराले गाउँ गाउँ गरी सम्पूर्ण जिल्ला ढाकिएको छ भन्ने देखाउंछ ।
- चौथो घेराले जिल्ला जिल्ला गरी राष्ट्रव्यापी रुपमा स्वास्थ्य कार्यकम सफल हुन्छ भन्ने संकेत गर्दछ ।

# अनुसूची -२ स्वयंसेविकाको बोर्डको नमूना

महिला स्वास्थ्य स्वयंसेविकाको बोर्डको नमूना निम्नानुसार हुने छ ।

## स्पेशिफिकेशन

१. बाक्लो २४ गेजको टिनको पातामा (Size 1 x 1.5 feet)

२. आकासे निलो रङ्ग (Sky Blue) को पृष्ठभूमिमा चारैतिर गाढा निलो फ्रेम भएको ।

३. गाढा निलो (Navy Blue) अक्षर



# अनुसूची - ३ महिला स्वास्थ्य स्वयं सेविका उप-समितीको संरचना

| क्र. सं. | नाम तथा संस्था | पद |
|---|---|---|
| १ | श्री निर्देशक, परिवार स्वास्थ्य महाशाखा | अध्यक्ष |
| २ | श्री ब. जनस्वास्थ्य अधिकृत, महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम, परिवार स्वास्थ्य महाशाखा | सदस्य सचिव |
| ३ | श्री शाखा प्रमुख, प.नि./म.स्वा.स्व.से. कार्यक्रम, परिवार स्वास्थ्य महाशाखा | सदस्य |
| ४ | श्री प्रतिनिधी, बाल स्वास्थ्य महाशाखा | सदस्य |
| ५ | श्री प्रतिनिधी, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र | सदस्य |
| ६ | श्री प्रतिनिधी, आपुर्ति व्यवस्था महाशाखा | सदस्य |
| ७ | श्री प्रतिनिधी, ईपिडिमियोलोजी महाशाखा | सदस्य |
| ८ | श्री प्रतिनिधी, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | सदस्य |
| ९ | श्री प्रतिनिधी, स्थानिय विकास मन्त्रालय | सदस्य |
| १० | श्री प्रतिनिधी, प्राथमिक स्वास्थ्य सेवा पूनर्जागरण महाशाखा | सदस्य |
| ११ | श्री प्रतिनिधी, शिक्षा मन्त्रालय | सदस्य |
| १२ | श्री प्रतिनिधी, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | सदस्य |
| १३ | श्री प्रतिनिधी, खानेपानी विभाग | सदस्य |
| १४ | श्री प्रतिनिधी, यूनिसेफ | सदस्य |
| १५ | श्री प्रतिनिधी, यु.एन.एफ.पी.ए. | सदस्य |
| १६ | श्री प्रतिनिधी, यु.एस.ए.आई.डी. | सदस्य |
| १७ | श्री प्रतिनिधी, एन.टी.ए.जी. | सदस्य |
| १८ | श्री प्रतिनिधी, एन.एफ.एच.पी. | सदस्य |
| १९ | श्री प्रतिनिधी, केयर नेपाल | सदस्य |
| २० | श्री प्रतिनिधी, सेभ द चिल्ड्रेन, यू.एस. | सदस्य |

# अनुसूची - ४ स्वयंसेविकाको परिचय पत्रको नमूना

## अग्रभाग

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा बिभाग
जिल्ला (जन) कार्यालय ..........................

**महिला स्वास्थ्य स्वयं सेविकाको**
**परिचय–पत्र**

फोटो

परिचय पत्र नं ......................

नाम थरः ..................................................................................................

गा.वि.स. / न.पा. ........................................................ वडा नं. ..................

स्वास्थ्य संस्थाः ..................................................................................................

## पृष्ठभाग

यो परिचय पत्र निस्वार्थ भावले काम गर्ने महिला स्वास्थ्य स्वयं सेविकाको भएकोले वंहाहरुलाई आवश्यक सहयोग गरिदिनु हुन अनुरोध छ ।

---

Name of FCHV ..................................................................................

प्रमाणित गर्ने

नामः ........................................................................ दस्तखतः ........................

पदः ........................................................................ मितिः ............................

महिला स्वास्थ्य स्वयं सेविकाको दस्तखतः ..................................................

यो परिचय पत्र कसैले पाउनु भएमा नजिकको स्वास्थ्य संस्थामा
बुझाई दिनुहोला ।

# अनुसूची -५ स्वयंसेविकाको साडीको किनाराको नमुना

महिला स्वास्थ्य स्वयंसेविकाको साडीको किनाराको नमुना निम्नानुसार हुने छ ।

- साडीको किनारामा महिला स्वास्थ्य स्वयं सेविकाको लोगो झल्काउने आकाशे निलो किनारामा सेतो ४ वटा गोलो घेरा ।

## साडीको किनाराको नमूना



# अनुसूची -६ महिला स्वास्थ्य स्वयंसेविकाले पालना गर्नुपर्ने आचार संहिता

१ अन्तर्राष्ट्रिय स्वयंसेवकको भावना अनुरुप स्वयंसेवी भावले समुदायको स्वास्थ्य अधिकार र पहुँचलाई मूल मन्त्र मानी नैतिकता, ईमान्दारी र उच्च मनोबलका साथ कार्य गर्ने छु ।

२. आफ्नो सिप र ज्ञानको उपयुक्त रुपमा सदुपयोग गरी विभिन्न स्वास्थ्य कार्यक्रममा संलग्न भई समुदायमा स्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने छु ।

३. आफू सम्बद्ध स्वास्थ्य आमा समूह प्रति इमान्दारी तथा जवाफदेही तथा प्रतिबद्ध भई पूर्ण रुपमा कार्य गर्ने छु ।

४. स्वयंसेवकको भावना र मर्मलाई कार्यगत रुपमा उतारी समुदायको स्वास्थ्य र भलाइको प्रवर्द्धन गर्ने छु ।

५. सिकेका ज्ञान र सीपको समुचित प्रयोग गरि जनसमुदायलाई स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिकबाट स्वास्थ्य सेवा लिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रबर्द्धन गर्न लगाउने छु ।

६. समुदायसंगको व्यवहारमा सधैं विनम्र रुपमा सहयोगी हुने छु ।

७. सेवाग्राहीको गोपनियता कायम राख्ने छु ।

८. आर्जित ज्ञान र सिपलाई ब्यक्तिगत फाइदाको लागि प्रयोग गर्ने छैन ।

९. समुदाय, आमा र शिशुको उत्थानमा आफ्नो हृदय देखि नै लाग्ने छु ।

१०. स्वास्थ्य आमा समूहलाई सशक्तिकरण गर्न तथा स्वास्थ्य सेवा सुदृढ गर्न यथासक्य कोशिस गर्ने छु ।

११. महिला स्वास्थ्य स्वयंसेविका कोषको भावना र मर्म अनुसार यसको दिगोपन र प्रयोगमा सहभागी हुने छु ।

१२. समुदाय तथा ब्यक्तिको मान्यता र संस्कृतिलाई आदर गरी पक्षपात रहित सेवा दिने छु ।

१३. स्वास्थ्य क्षेत्रमा संचालित अधियान कार्यक्रममा सकृय रुपले सहभागी हुने छु ।

१४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्तर्गतबाट महिला स्वास्थ्य स्वयंसेविकाले पालना गर्नुपर्ने नीति, नियमको पालना गर्ने छू । मन्त्रालय र अन्तर्गत संचालित कार्यक्रमलाई प्राथमिकता साथ सम्पन्न गर्नेछु ।

१५. कुनै पनि तलवी कार्यमा नियुक्त भएमा महिला स्वास्थ्य स्वयंसेविकाको उत्तरदायित्वबाट राजिनामा दिने छु ।

१६. जात, लिङ्ग, धर्म, भाषा, रङ्ग, उमेर, शारिरिक सक्षमता, राजनैतिक विचारधारा तथा मान्यताले मेरो कार्यमा बाधा पर्ने छैन भनी विश्वास दिलाउंदछु ।

१७. आधिकारीक कार्यक्रमहरु हुँदा आफ्नो राजनैतिक विश्वासवारे प्रचारप्रसार गर्ने छैन ।

# अनुसूची - ७ महिला स्वयंसेविका हुनको लागि दिनुपर्ने निवेदन

मितिः ..............

श्री स्वास्थ्य आमा समूह

वार्ड नं.: ................ गा.वि.स.: ..............................

जिल्लाः ...................................

विषयः **महिला स्वास्थ्य स्वयंसेविका भई काम गर्न पाउँ ।**

महोदय,

म महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा काम गर्न ईच्छूक भएकोले यो निवेदन पेश गरेकी छु । म स्वास्थ्य आमा समूहको नियम मान्न मन्जूर रहेको ब्यहोरा पनि अनुरोध गर्दछु । साथै यसै निवेदन मार्फत महिला स्वास्थ्य स्वयंसेविकाको आचार संहितालाई पूर्णतः पालना गर्ने प्रतिवद्धता पनि ब्यक्त गर्दछु ।

निवेदिका

नाम थर :

ठेगानाः

गा.वि.स............ वडा नं. ...

दस्तखतः

नागरिकता प्रमाणपत्र नं.: जन्म मितिः

## स्वास्थ्य आमा समूहको निर्णय

मिति ............................. को दिन बसेको बैठकले .............................. जिल्ला ............................ गा.वि.स., ........... वडा नं. बस्ने श्री ................................ (नागरिकता प्रमाणपत्र नं. ..............................) लाई महिला स्वास्थ्य स्वयंसेविका रणनीतिमा उल्लेख गरिए बमोजिम आचार संहिता पालना गर्ने शर्तमा मिति २०६...................... देखि महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा राख्ने/अवधि थप गर्ने निर्णय गरियो ।

| क.सं. | नाम | गा.वि.स. | वार्ड नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

NFHP II

This document is made possible by the generous support of the American people through the United States Agency for International Development (USAID). The contents are the responsibility of FHD/MoHP and do not necessarily reflect the views of USAID or the Unites States Government.